प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

बागमती प्रदेश

हेटौंडा, मकवानपुर, नेपाल

## नोभल कोरोना भाइरस (कोभिड-१९) सम्बन्धि दैनिक प्रतिवेदन

मितिः २०७७/०६/२४


(बेलुका ५:०० बजे)


### ❖ बागमती प्रदेशमा संक्रमणको अवस्थाः

- हालसम्मको तथ्यांकमा यस प्रदेशमा देशको कुल संक्रमणको करिब पैतालिस प्रतिशत (४५.३६%) रहेको छ भने मृत्युको अनुपात यस प्रदेशमा तुलनात्मक रुपमा बढी रहेको छ र मृत्यु हुनेमा बढ्दो उमेर र अन्य जिर्ण रोगहरुको सहरुग्णता देखिएको छ।
- यस प्रदेशमा पछिल्ला दिनमा संक्रमितको संख्या तीव्र रुपमा बढेको हुनाले हाल उपचाररत बिरामीको संख्या निको भएका भन्दा तुलनात्मक रुपमा बढी देखिएको हो ।

| विवरण | नेपाल | बागमती प्रदेश |
|---|---|---|
| संक्रमण देखिएको (PCR) | १०५६८४ (१००%) | ४७९४१ (१००%) |
| निको भएको | ७४२५२ (७०.३%) | २७३७२ (५७.१%)* |
| उपचाररत | ३०८१८ (२९.२%) | २०३१६ (४२.४%)* |
| मृत्यु भएको | ६१४ (०.५८%) | २५३ (०.५३%)* |
| श्रोतः | - स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मिडिया ब्रिफिङ २०७७/०६/२४ | - सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश; स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मिडिया ब्रिफिङ २०७७/०६/२४ |

### ❖ बागमती प्रदेशमा कोभिड-१९ संक्रमितहरुको लिंग र उमेर समुह अनुसारको विवरण यस प्रकार रहेको छः




स्रोतः EWARS, इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखा, २०७७/०६/२४

- यस प्रदेशमा पुरुषहरुमा महिलाको तुलनामा बढि संक्रमण देखिएको छ भने २१ देखि ५० वर्ष समुहका व्यक्तिहरुमा कोभिड-१९को संक्रमण बढी देखिएको छ । विगतमा भन्दा अहिले ६० वर्षभन्दा बढी उमेरमा पनि संक्रमण बढदै गएको देखिन्छ ।

### ❖ गत २४ घण्टामा आइसीयु र भेन्टिलेटरमा भएका बिरामीको संख्याः

गत २४ घण्टामा १९५ जना संक्रमितको आइसियुमा उपचार भइहेको छ जसमध्ये ५५ जना भेन्टिलेटरमा हुनुहुन्छ ।

### ❖ गत २४ घण्टामा जिल्लागत निधनको संख्याः

काठमाण्डौ - ३, ललितपुर - २, मकवानपुर - १, भक्तपुर - १, धादिङ - १ (**कुल जम्मा - ८**)

### ❖ गत २४ घण्टामा भएको निधनको विवरणः

- बौद्ध, काठमाण्डौका ९० वर्षीय पुरुषलाई निमोनिया र श्वासप्रश्वासमा समस्या भई असोज २० गते मेडिसिटि अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा असोज २३ गते निधन भएको छ। उहाँको असोज १९ गते कोभिड-१९ पुष्टि भएको थियो । उहाँ मृगौला र कलेजोको समस्याले ग्रसित हुनुहुन्थ्यो । किर्तिपुर, काठमाण्डौकी ६८ वर्षिया महिलालाई निमोनिया भई असोज ११ गते त्रि. वि. शिक्षण अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा असोज २३ गते निधन भएको छ । उहाँको असोज १२ गते कोभिड-१९ पुष्टि भएको थियो । उहाँ मधुमेहले ग्रसित हुनुहुन्थ्यो। त्यस्तै काठमाण्डौकी ४८ वर्षिया महिलालाई निमोनिया भई असोज २० गते त्रि. वि. शिक्षण अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा असोज २३ गते निधन भएको छ । उहाँको असोज १२ गते कोभिड-१९ पुष्टि भएको थियो । उहाँ मधुमेहले ग्रसित हुनुहुन्थ्यो ।

- फोदावारी, ललितपुरका ४३ वर्षीय पुरुषलाई हृदयघात भई असोज १९ गते अल्का अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा असोज २२ गते निधन भएको छ। उहाँको असोज २१ गते कोभिड-१९ पुष्टि भएको थियो । उहाँ उच्च रक्तचापले ग्रसित हुनुहुन्थ्यो ।धोबिघाट, ललितपुरका ४९ वर्षीय पुरुषलाई फोक्सोको समस्या भई असोज २२ गते पाटन अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा आज निधन भएको छ । उहाँको असोज १४ गते कोभिड-१९ पुष्टि भएको थियो । उहाँ मधुमेह र अल्सरको समस्याले ग्रसित हुनुहुन्थ्यो ।

- पालुङ-३, मकवानपुरका ७७ वर्षीय पुरुषलाई असोज २१ गते श्री वीरेन्द्र अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा असोज २३ गते निधन भएको छ। उहाँको असोज २२ गते कोभिड-१९ पुष्टि भएको थियो । उहाँ दमको समस्याले ग्रसित हुनुहुन्थ्यो । ब्यासी-३, भक्तपुरका ६८ वर्षीय पुरुषलाई असोज १८ गते पाटन अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा आज निधन भएको छ । उहाँको असोज २१ गते कोभिड-१९ पुष्टि भएको थियो । धादिङका ३१ वर्षीय पुरुषलाई असोज २२ गते त्रि. वि. शिक्षण अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा असोज २३ गते निधन भएको छ। उहाँको असोज १२ गते कोभिड-१९ पुष्टि भएको थियो । उहाँ कलेजोको समस्याले ग्रसित हुनुहुन्थ्यो । उहाँहरुको दुखद् निधनमा सामाजिक विकास मन्त्रालय हार्दिक समवेदना प्रकट गर्दछ।

## ❖ जिल्लागत क्वारेन्टाइन, आइसोलेसन, पी.सि.आर.(PCR) परिक्षण सम्बन्धी विवरणः

- हालसम्म बागमती प्रदेशमा ७८०७ वटा क्वारेन्टाईन बेड व्यवस्थापन गरिएकोमा हाल ३८३ जना बसिरहनुभएको छ भने १४६१ जना होम क्वारेन्टाईनमा हुनुहुन्छ । यस प्रदेशमा ३२०६ वटा आइसोलेशन बेड तयारी अवस्थामा रहेको छ जसमा अहिले ३७५१ जना (केहि जिल्लामा होम आइसोलेसनमा भएकाको समेत विवरण उल्लेख गरिएको) संस्थागत आइसोलेसनमा र ११२०६ जना होम आइसोलेसनमा बसिरहनुभएको छ । आजको मितीसम्मको विवरण अनुसार यस प्रदेशमा १०२२२६ जनाको पिसिआर परिक्षण गरिएको छ।

| जिल्ला | क्वारेन्टाईन | | होम क्वारेन्टाइनमा रहेका | आइसोलेसन | | | RT-PCR परिक्षण सम्बन्धी विवरण | | | कै |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | बेड | बसेका | | बेड | संस्थागत आइसोलेसनमा बसेका | होम आइसोलेसनमा बसेका | जम्मा संकलित स्वाब संख्या | पोजेटिभ | आजको नयाँ संक्रमण | |
| काठमाण्डौ | १०५० | ११३ | २६७ | १३४७ | २१७४* | ६५८५ | २६४६६ | ३२५९८ | २१०० | |
| ललितपुर | ३७१ | ३१ | ८० | २८९ | २०८ | २५५ | ११२३४ | ४५४६ | ३६९ | |
| भक्तपुर | १०५ | ६ | १६५ | ३३१ | ८८ | ७२७ | १०७६८ | ३२४८ | २०३ | |
| रसुवा | २५५ | ३ | ५ | ३५ | ३ | ० | ११०१ | २६ | ३ | |
| नुवाकोट | ५४९ | ७ | २४ | ४० | ४३* | १३८ | ५१२० | २८४ | ४० | |
| धादिङ | ३१५ | ७ | १८ | १३७ | ३९ | ३८ | ३८३६ | ६५० | ३८ | |
| चितवन | २४६५ | ४४ | ५६९ | ३५५ | ९४३* | १३२२ | १५७७९ | ३००० | १४७ | |
| सिन्धुली | ३९२ | ५० | ५ | ४३ | ६६* | २३३ | ३३३० | २६३ | ४८ | |
| मकवानपुर | १५५ | १ | ४ | २४५ | ५० | १ | ११६४८ | १८५३ | ५४ | |
| रामेछाप | ४९० | ६५ | ४९ | १०८ | १२ | १२ | १४७९ | २३५ | ५ | |
| दोलखा | १९३ | १२ | ७३ | ४४ | ८ | १८५४ | २२२१ | १६३ | ८ | |
| काभ्रेपलान्चोक | ६७८ | २८ | १०१ | १७६ | ९० | २५ | ४८७७ | ८३९ | ३५ | |
| सिन्धुपाल्चोक | ७८९ | १६ | १०१ | ५६ | २७ | १६ | ४३६७ | २३६ | ६ | |
| जम्मा | ७८०७ | ३८३ | १४६१ | ३२०६ | ३७५१ | ११२०६ | १०२२२६ | ४७९४१ | ३०५६ | |

श्रोतः पोजिटिभ केसको विवरण स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिडिया ब्रिफिंगबाट दैनिक प्राप्त जानकारी अनुसार र अन्य विवरण सम्बन्धित जिल्लाबाट प्राप्त आजको अन्तिम अभिलेख

*होम आइसोलेसनमा रहेका संक्रमितको विवरण समेत जोडिएको

# संक्रमितको संख्या हिजो संलग्न नगरिएको विवरण आज जोडिएको

## ❖ मुख्य-मुख्य क्रियाकलापहरुः

- **संक्रमितको खोजी र फलो-अप कार्यः**

  सम्बन्धित जिल्लाको स्वास्थ्य कार्यालय, स्थानीय महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका, गाउँपालिका, स्थानीय स्वास्थ्य संस्था एवम् अस्पतालहरु मार्फत सम्पर्कमा आएका व्यक्तिको खोजी, सम्पर्कितहरुको फलो-अप र अन्य व्यवस्थापन (काठमाण्डौ, भक्तपुर र ललितपुरको हकमा इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखाको समेत समन्वयमा) कार्य भईरहेको छ ।

## ❖ प्रादेशिक जनस्वास्थ्य प्रयोगशालामा भएको पि. सि. आर.  परीक्षणको विवरण

प्रादेशिक जनस्वास्थ्य प्रयोगशालामा भएको पी. सी. आर परिक्षणको विवरण यस प्रकारको रहेको छः

| प्रयोगशाला | हालसम्म प्राप्त स्वाबको संख्या | आज प्राप्त स्वाब संख्या | आज परिक्षण भएको स्वाबको संख्या | आज परिक्षण भएको स्वाबको नतिजा | | कै |
|---|---|---|---|---|---|---|
| | | | | पोजिटिभ | नेगेटिभ | |
| VBDRTC, हेटौंडास्थित प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला | २६१४१ | ० | ९३ | २५ जनाः मकवानपुर-२१, सिन्धुली-१, ललितपुर-१, सिराहा-१ | ६८ | |

धुलिखेलस्थित प्रादेशिक जनस्वास्थ्य प्रयोगशालामा प्राप्त भएको नमुना परिक्षण हुने क्रममा छ ।

## ❖ कोभिड-१९ सम्बन्धि थप जानकारी र मार्गदर्शनको लागि निम्न उल्लेखित वेबपेज हेर्न हार्दिक अनुरोध छः

-सामाजिक विकास मन्त्रालय, बागमती प्रदेशः http://mosd.p3.gov.np/

-स्वास्थ्य तथा जनसंख्या मन्त्रालय : **https://covid19.mohp.gov.np/#/**

-नेपाल सरकार गृह मन्त्रालय : https://covid19.ndrrma.gov.np/

-कोभिड१९ संकट व्यबस्थापन केन्द्रः ccmc.gov.np

-इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखाः http://www.edcd.gov.np/news/covid-19-situation-updates

-विश्व स्वास्थ्य संगठन / नेपालः https://www.who.int/nepal

**अन्त्यमा सदाझै यहाँहरूको अमूल्य सुझाव र सहयोगको अपेक्षा गर्दछौं ।**

**धन्यवाद !**

प्रवक्ता (कोभिड-१९)

डा. पुरुषोतम राज सेढाई